प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, म्यागदी

फोनः ०६९-५२०१३०
इमेलः akcmyagdi@gmail.com
वेबसाइटः https://myagdi.akc.gov.np

# कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

**चौथो पटक प्रकाशित मितिः २०७९/०८/०६**

कृषि ज्ञान केन्द्र, म्यागदीको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न ईच्छुक म्यागदी जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७९ मंसिर २० गते) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

**क. कृषक, कृषि फर्म, कृषि कम्पनी,कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव गर्न सक्ने कार्यक्रमहरुको विवरण**

| क्र सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी बढीमा रु. ५,०००/- अनुदान उपलब्ध गराईनेछ। | ५ हेक्टर | ५०० | विविध कारणले कम्तिमा ३ बर्ष देखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्ने। |
| २. | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | तरकारी खेती विस्तार गरे वापत प्रति रोपनी रु. ३०००/- | ५ हेक्टर | ३०० | कम्तीमा २ रोपनी जमिन वा २०० वर्गमिटर प्लाष्टिक घर भित्र २ सिजन तरकारी खेती गर्नुपर्नेछ । |
| ३. | बिउ उत्पादनमा प्रोत्साहनमुलक अनुदान कार्यक्रम | कुल लागतको बढीमा ५० % अनुदान उपलब्ध हुने। | ३ पटक | ३०० | कलष्टरमा आलु, खाद्यान्न, तरकारी, तेलहन र दलहन बालीको बिउ उत्पादन गर्नुपर्नेछ। |
| ४. | बाली बिमाको विमा शुल्कमा अनुदान कार्यक्रम | कुल बिमा शूल्कको २० प्रतिशत अनुदान उपलब्ध हुने। | १ पटक | १५० | आ.व. २०७९/८० मा कृषि सम्बन्धि विमा गरेका आवेदकहरुले उक्त आ.व.को आषाढ १५ गते भित्र आवेदन पेश गर्न सक्नेछन्। पहिला आवेदन पेश गर्नेलाई प्राथमिकता दिईनेछ। |
| ५. | मसलाबाली विकास कार्यक्रम | कुल लागतको बढीमा ५० % अनुदान उपलब्ध हुने। | ५ पटक | ५०० | मसलाबाली प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड २०७७ बमोजिम हुनेछ । |

**ख. कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्ने कार्यक्रमहरुको विवरण**

| क्र सं | कार्यक्रमको नाम | अनुदान सहयोग रकम | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | विशेष बाली प्रवर्धन कार्यक्रम ( सिमी, तोरी, उवा, फापर आदी ) | बीउ/कृषि यन्त्र उपकरण खरिद, सिंचाई, प्रशोधन कार्य, ग्रेडिङ, प्याकेजिङ, आकस्मिक बाली संरक्षण, भण्डारण आदीमा ९० प्रतिशत सम्म अनुदान (प्रति रोपनी बढिमा रु. ५०००/-) | १० हेक्टर | १००० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई सिमी, तोरी, सुर्यमुखी, बदाम, जौ, कोदो, कागुनो, मास, भट्टामास, मुसुरो, मस्याङ्ग, उवा, फापर आदी मध्ये कुनै एक बालीको खेति विस्तार गर्नुपर्ने |

ज्ञान केन्द्र प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, म्याग्दी
फोनः ०६९-५२०१३०
इमेलः akcmyagdi@gmail.com
वेबसाइटः https://myagdi.akc.gov.np

| क्र सं | कार्यक्रमको नाम | अनुदान सहयोग रकम | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| २. | आलु खेती प्रवर्धन विशेष कार्यक्रम | बीउ,कृषि यन्त्र उपकरण खरिद, ग्रेडिङ, प्याकेजिङ, भण्डारण र बजारीकरण आदीमा ९० प्रतिशत सम्म अनुदान (प्रति रोपनी बढिमा रु. ५०००/-) | २५ हेक्टर | २५०० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई आलु खेति विस्तार गर्नुपर्ने। |
| ३. | साना सिंचाई कार्यक्रम | कुल लागतको ९० % सम्म अनुदान (बढीमा रु.२ लाख अनुदान उपलब्ध हुने) | १५वटा | ३०० | साना कुलो निर्माण तथा मर्मत, सिमेन्ट तथा प्लाष्टिक पोखरी निर्माण, सिंचाई पाइप, साना बाँध, टेकीं निर्माण र लिफ्टिङ आदी जस्ता कार्यका लागि आवेदन पेश गर्न सकिने। कम्तिमा १० रोपनी क्षेत्रफल हुनुपर्ने |
| ४ | मुख्यमन्त्री जलवायूमैत्री नमुना कृषि गांउ कार्यक्रम | | ३ वटा | ३००० | मुख्यमंत्री जलवायूमैत्री नमुना कृषि गांउ कार्यक्रम संचालन कार्यविधि २०७७ बमोजिम हुनेछ |
| ५. | कलष्टरमा रैथाने बाली संरक्षण कार्यक्रम | बीउ, सिचाइ, कृषि यन्त्र उपकरण खरिद, ग्रेडिङ, प्याकेजिङ, भण्डारण, परिकार विविधिकरण र बजारीकरण आदीमा ९० प्रतिशत सम्म अनुदान | ५ वटा | ५०० | क्लस्टरमा कम्तीमा १५ रोपनी क्षेत्रफलमा रैथाने बाली जस्तै :- कोदो,जौ,उवा,फापर,कागुनो,जुनेलो,चिनो, लट्टे, सिमि आदी मध्ये कुनै एक बालीको खेति विस्तार गर्नुपर्ने |
| ६ | समुह/सहकारी मार्फत क्षेत्रगत सुन्तला झार्ने औसा नियन्त्रण कार्यक्रम | स्वीकृत कार्यविधि तथा मापदण्ड अनुसार हुने । | ५ वटा | ५०० | कृषक समुह र कृषि सहकारीले मात्र आवेदन पेश गर्न सकिनेछ । |

**आवश्यक कागजातहरुः**

१. निर्दिष्ट ढाँचाभा निवेदन र प्रस्ताव

२.सोही प्रकृतिको कार्यक्रमका लागि अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।

३. सम्बन्धित स्थानीय तहको सिफारिस (कार्यक्रममा दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको)

४. खेति विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपी (करार सम्झौता न्यूनतम १० बर्ष अवधिको हुनुपर्नेछ)

५. कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितिको बैठक निर्णाय प्रतिलिपी, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, Pan/Vat दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्त प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपी,

६. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपी

**नोटः** कार्यक्रम सम्बन्धि निबेदन तथा प्रस्तावनाको ढांचा यस कार्यालयबाट उपलब्ध हुनेछ तथा यस कार्यलायको वेवसाईट myagdi.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ |

थप जानकारी आवश्यक भएमा कायांलय समयभित्र कृषि ज्ञान केन्द्र, म्याग्दीमा फोन नं. ०६९-५२०६३० मा सम्पर्क गर्न सकिनेछ।मोवाईल नम्बरः- ९८५७६२२१४४ मा पनि सम्पर्क गर्न सकिनेछ।

ज्ञान केन्द्र प्रमुख